डुडुवा गाउँपालिकाद्वारा प्रकाशित

# डुडुवा राजपत्र

खण्ड : १, संख्या : १, मिति : २०७५ श्रावण १ गते

## भाग – ३

## डुडुवा गाउँपालिका

## डुडुवा गाउँ कार्यपालिकाको कार्यालय, बनकट्टी बाँकेको सुचना

### डुडुवा गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

गाउँसभाबाट स्वीकृत मिति : २०७५/०३/२५
प्रमाणितकरण मिति : २०७५/०४/१
लागु हुने मिति : २०७५/०४/०१

**सम्मानित गाउँसभाका उपाध्यक्ष ज्यु,**

सभासद ज्यूहरु, गाउँ सभाका सचिव ज्यू तथा आमन्त्रित पर्यवेक्षक ज्युहरु, सल्लाहकार, अतिथी एवं कर्मचारी मित्रहरुलाई डुडुवा गाउँसभाको यस ऐतिहासिक तथा गरिमामय बैठकमा उपस्थित हुनु भएको सबैमा हार्दिक स्वागत गर्दै यहाँहरुको उपस्थितीका लागी हार्दिक सम्मान प्रकट गर्दछु । डुडुवा गाउँपालिकाको यस गरिमामय तेस्रो गाउँ सभा समक्ष आर्थिक बर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम



प्रस्तुत गर्न पाउँदा मलाइ अत्यन्त खुशी लागेको छ। नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन लगायतको आन्दोलनहरुको स्मरण गर्दै राष्ट्र निर्माणका लागी आफ्नो ज्यानको आहुती दिनुहुने ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको संविधान-२०७२ ले प्रत्याभूत गरेका जनताको मौलिक हक लगायतको आधारभूत अधिकारको को सफल कार्यान्वयनको खुड्किलोको रुपमा रहेको स्थानीय तहका हामी जनप्रतिनिधीहरु मथि ठुलो जिम्मेवारी आइपुगेको छ। जनताका ति ईच्छा र आकांक्षाहरु पुरा गर्नु हाम्रो प्रमुख दायित्व रहेको छ । संविधानले व्यवस्था गरे अनुरुपका स्थानीय तहहरु लोकतान्त्रिक गणतन्त्रात्मक नेपालका मुल आधार स्तम्भ र सम्वृद्धिको पहिलो खुड्किला हुन् । स्थानीय तहहरु जनताको सबैभन्दा नजिकको सरकार हुन् । स्थानीय निर्वाचन मार्फत नेपालको संविधानको सहि कार्यान्वयनको सिलसिला शुरु भएको छ । नेपालको संविधान २०७२ को सफल कार्यान्वयन संगै सम्वृद्धिका सफल अभ्यासहरुले नेपालीहरुको जीवनमा सुख, शान्ति र सम्बृद्धिको लहर ल्याउनेछ भन्ने विश्वास लिएको छु। विगत एक वर्षको छोटो अवधिमा हामीले प्रत्यक्ष अनुभूति गर्ने र जनतालाई प्रत्यक्ष लाभ पुग्ने कामको थालनी गरिसकेको कुरा यो सम्मानित गाउँसभामा जानकारी गराउन पाउँदा मैले हर्षको अनुभूति गरेको छु ।

प्रथम गाउँसभाबाट पारित निति तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलाले जनतामा अत्यन्त सकारात्मक र उत्साहजनक प्रभाव परेको र दुखि, गरिब, विपन्न जनताको मुहारमा आएको खुशीले हामीलाई काम गर्न थप प्रेरित गरेको छ । घर दैलोमै जनतालाई सेवा सुविधा पुचाउने कुरा ब्यवस्थापनको हिसावले त्यति सहज भने पक्कै थिएन । हामी सबैको सहकार्य र सहयोगबाट यो सबै सम्भव भएको हो । यस कार्यमा सहयोग पुचाउनु हुने सम्पूर्ण सहयात्री जनप्रतिनिधि र कर्मचारी वर्गमा हार्दिक धन्यवाद दिन चाहन्छु। र जनतालाई घरदैलोमा सेवा सुविधा पुचाउने हाम्रा अभियानहरु ***"घरघरमा स्वास्थ्य", घरघरमा SEE", "घरदैलोमा पशु सेवा तथा उपचार"*** जस्ता कार्यक्रमहरु आगामी आ. ब. मा पनि निरन्तरता दिइने छ। आगामी आ. ब. देखि घरदैलोमा जन्म, मृत्यू, विवाह, बसाइ सराइ जस्ता ब्यक्तिगत घटना दर्ता अभियानको रुपमा सञ्चालन गरिने छ । यसर्थ यस ऐतिहासिक गाउँसभा मार्फत खाली आश्वासनले हैन, योजनासम्मत विकासको दृष्टिकोणले मात्र जनताको मुहारमा खुसी ल्याउने कुरामा विश्वस्त रहँदै डुडुवा गाउँपालिकालाई विकसित, सुविधायुक्त, व्यवस्थित र सम्वृद्ध बनाउने दृढ लक्ष्य लिएको छु ।

सडक, व्यवस्थित ढल तथा नाली निर्माण, हरियाली बातावरण, पार्क, मनोरन्जनस्थल, व्यवस्थित कृषि वजार, व्यावसायिक केन्द्र, निश्चित खुल्ला क्षेत्र, औद्योगिक क्षेत्रको पहिचान, गाउँपालिका केन्द्र देखि जिल्ला सदरमुकाम सम्म यातायातको सहज पहुँचको ब्यावस्था मिलाउने, पारदर्शी प्रशासन, सेवाग्राहीमैत्री संगठन तथा व्यवस्थापन ढाँचा निर्माण, नविकरणीय उर्जाको प्रयोग, बातावरण मैत्री शासन, ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री संरचना निर्माण, स्वच्छ खानेपानी, पूर्ण सरसफाई, सार्वजनिक तथा व्यक्तिगत शौचालय, पूर्ण खोपको सुनिश्चितता, सुविधा सम्पन्न अस्पताल, सुचना र प्रविधिमा सबैको सहज पहुँच, शुसासन र भ्रष्टाचार मुक्त समाज निर्माण, सुखी र सम्बृद्ध डुडुवा गाउँपालिका हाम्रो प्रमुख आवश्यकता र चुनौती दुबै विषय हुन ।

यी सबै विषयहरु एक वर्ष र एकैपटकको प्रयास र योजनाले सम्पन्न हुन सक्दैनन् भन्ने विषयमा म पनि सचेत छु। तर निरन्तरको प्रयास, पहल र प्रयत्नबाट यि चुनौतीहरुको सामना गर्न हामी सक्षम हुनेछौं भन्ने मेरो गहिरो विश्वास रहेको छ । विकासका सबै पक्षबाट पछि परेको डुडुवा गाउँपाकिलाइ नमुना गाउँपालिका बनाउन राजनीतिक आग्रह पूर्वाग्रह तथा झिनामसिना वादविवादबाट माथि उठेर समग्र गाउँपालिकाको सम्बृद्धिका लागि अघि बढ्न अत्यन्त ढिलो भैसकेको छ। डुडुवा गाउँपालिकाको बिकास र सम्बृद्धिका लागि परम्परागत सोच र मान्यताबाट माथि उठ्न यस अवसरमा म सबै जिम्मेवार र सचेत वर्गमा हार्दिक आह्वान गर्दछु ।

डुडुवा गाउँपालिकाका यि तमाम विषयहरुलाई सम्बोधन गर्न अल्पकालिन, मध्यकालिन र दिर्घकालीन योजना निर्माण गरि अगाडी बढने रणनीति लिएको छु। यसका लागि काम शुरु भैसकेको  र घरधुरी सर्वेक्षण फारम भर्ने काम करिब ६० प्रतिशत भन्दा बढी सम्पन्न भैसकेको ब्यहोरा पनि यो गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु । साथै यसै आर्थिक बर्ष भित्र यस गाउँपालिकाको दिर्घकालीन योजना निर्माण सम्पन्न गरिने छ र यस अन्तर्गत नै रहेर बार्षिक, अल्पकालिन, मध्यकालीन र दिर्घकालीन आवधिक योजनाहरुको निर्माण गरिने छ । जनताका दैनिक क्रियाकलाप र त्यससँग जोडिने हरेक समस्याको समाधानको पहिलो गन्तव्य स्थानीय तह हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै वास्तविकतामा आधारित भएर समग्र डुडुवा गाउँपालिकाका जनताको आर्थिक, सामाजिक, स्वास्थ्य, शैक्षिक, धार्मिक, साँस्कृतिक, राजनीतिक विकासको लागि निरन्तर क्रियाशील रहीरहने र लडिरहने कुरा यस अवसरमा म प्रण गर्दछु ।



नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए सँगै हामी संघीयता अनुरुपको स्थानीय तह सरकारको नयाँ संरचना र प्रयोगमा छौं । संविधानले स्वायत्तता सहितको अधिकार स्थानीय तहलाई हस्तान्तरण गरेको बर्तमान अवस्थामा प्राप्त अधिकारहरुको कुशलतापूर्वक कार्यान्वयन गर्ने र निर्वाचनका बेला जनताका सामु व्यक्त प्रतिवद्धतालाई क्रमशः कार्यान्वयन गर्दै जाने गरी गाँउपालिकाको नीति, कार्यक्रम तथा वजेट निर्माण गर्नुपर्ने दायित्व र जिम्मेबारीलाई आत्मसात गर्दै चालु आर्थिक वर्ष २०७५/०७६ को लागि देहाय बमोजिम नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। साथै यि नीतिहरुलाई गाउँपालिकाको मुल नीति र क्षेत्रगत नीति गरी देहाय बमोजिम उल्लेख गरेको छु।

**मुलनीति**

१. संविधानले स्थानीय तहमा हस्तान्तरण गरेको स्थानीय तहको अधिकार सूची भित्र रही बार्षिक, अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना बनाई कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइने छ ।

२. आवधिक राष्ट्रिय योजना, बार्षिक वजेटको लक्ष्य तथा उद्धेश्य र नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेका प्रतिवद्धता तथा प्रदेश सरकारको नीति र मार्गदर्शन समेतलाई मध्यनजर गरी गाउँपालिकाको योजना तथा कार्यक्रमहरु तयार गर्ने नीति लिइने छ ।

३. समावेशी र सहभागीतामुलक योजना तर्जुमा पद्धतिको अवलम्बन गर्दै प्राथमिकता प्राप्त योजना तथा क्रियाकलापहरु छनौट र कार्यान्वयन गर्ने नीति लिइने छ।

४. सुशासन, पारदर्शीता, जवाफदेहीता, सूचनाको हक र उत्तरदायि शासन प्रणाली तथा भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने नीति लिइने छ ।

५. लोककल्याणकारी राज्यको अवधारणा बमोजिम सामाजिक, आर्थिक तथा साँस्कृतिक रुपमा पछाडी परेका वर्ग तथा समुदाय र महिला, ज्येष्ठ नागरिक, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गर्ने नीति लिइने छ।

६. स्थानीय श्रोत साधनको पहिचान गरी यसको अधिकतम उपयोग गर्ने नीति लिइने छ।

७. रोजगारीको अधिकतम अवसर सिर्जना गरी ग्रामिण जनताको गरिवी न्यूनीकरण गर्ने नीति लिइने छ।

८. शासन व्यवस्था तथा निति निर्माण र योजना कार्यान्वयनमा जनताको अधिकतम सहभागीता गराउने नीति लिइने छ।

९. गाउँपालिकाले उपलब्ध गराउने सेवा सुविधा छिटो छरितो र आम जनतामा सहज पहुँच पुऱ्याउने नीति लिइने छ ।
१०. सरकारी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम उपयोग गर्ने तथा सहकार्य र साझेदारीमा कामगर्ने नीति लिइने छ ।
११. गाँउपालिकाको समग्र हितलाई प्राथमिकता दिई आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।
१२. सूचना तथा संचार प्रविधिको विकास र विस्तार गर्ने नीति लिइने छ ।
१३. यस डुडुवा गाउँपालिकामा रहेको सरकारी, ऐलानी, प्रति तथा सार्वजनिक जग्गा अतिक्रमणलाई रोक्ने र अतिक्रमित जग्गालाई नियन्त्रणमा ल्याई, अव्यबस्थित बसोबासलाई व्यबस्थित गर्न सरकारी, ऐलानी, प्रति जग्गाको लगत संकलन गरि कार्यविधि बनाई व्यबस्थापन गरिने छ ।

**उपस्थित महानुभावहरु**

**अव म गाउँपालिकाले आगामी आव २०७५।०७६ मा योजना कार्यक्रम छनौटका लागि लिइएका आधारहरुको बारेमा उल्लेख गर्न चाहन्छु**

१. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक शिद्धान्त नितिहरु, राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आगामी आ.ब.का लागि प्राप्त भएको मार्गदर्शन तथा बजेट सिलिङ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४, गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली-२०७४, डुडुवा गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली-२०७४, स्थानिय तहको विनियोजन ऐन-२०७४ तथा स्थानिय तहको आर्थिक ऐन, २०७४ लाई मुख्य आधारको रुपमा लिएको छु ।
२. योजना छनौट र बजेटको विनियोजन गर्दा आर्थिक,सामाजिक एवं भौतिक पूर्वाधार विकास कार्यक्रम, प्रवर्द्धनात्मक कार्यत्रक्रम र लक्षित समूह विकास कार्यक्रमलाई उच्च प्राथमिकता दिईएको छ ।
३. डुडुवा गाउँपालिकाका ६ वटै वडा स्तरीय भेलावाट प्राथमिकताक्रम सहित सिफारिस भई आएका आयोजना तथा कार्यकमहरुलाई उपलव्ध हुन सक्ने श्रोत साधनको परिधि भित्र रही बार्षिक कार्यक्रममा समावेश गरिने छ ।
४. बजेट निर्माणको मुख्य लक्ष्य गरिवी न्यूनीकरण भएकोले बजेट तर्जुमा गर्दा सुशासन,जनताको सेवा सुविधा, दिगो विकास, गुणस्तरीय र वातावरण मैत्री



स्थानीय पूर्वाधार विकास, आर्थिक अवसरमा वृद्धि, विकासमा जनताको सहज पहुँच स्थापित गर्ने र सामाजिक समावेशीकरणमा जोड दिइएको छ ।
५. गाउँपालिकाको सन्तुलित विकास गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिका आधारमा जनसहभागिता तथा लागत सहभागिता जुट्न सक्ने कार्यक्रमलाई प्राथमिकता दिईएको छ ।
६. पूर्वाधार विकासमा मात्र नभई सामाजिक र आर्थिक विकासका कार्यक्रमहरु एवं उपेक्षित उत्पीडीत र सामाजिक वन्चितीकरणमा परेका वर्गलाई उचित रुपमा सम्वोधन गर्ने प्रयास गरिएको छ ।

**अब म यस आर्थिक बर्षमा संचालन गरिने क्षेत्रगत कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु**

**१. सुशासन, पारदर्शिता, जवाफदेहीता, सूचनाको हक र गुणस्तरीय सेवा प्रवाह सम्बन्धी निति कार्यान्वयनका कार्यक्रमहरुः**

क) गाउँपालिकाले प्रत्येक बर्ष संचालन गर्ने योजना तर्जुमा र कार्यान्वयनमा जनताको प्रत्यक्ष सहभागितामा गराईनेछ ।
ख) सबै वडा कार्यालय र विषयगत कार्यालयहरुमा अनिवार्य रुपमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
ग) निर्वाचित प्रतिनिधी र कर्मचारीको लागि आचार संहित निर्माण गरि लागु गरिनेछ
घ) स्वीकृत नीति, कार्यक्रम तथा योजनाहरु र बैठकका निर्णयहरु सार्बजनिक सूचना र संचार माध्यमबाट सार्वजनिक गरिनेछ ।
ङ) योजनाहरुको सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र प्रभावकारी अनुगमन गरेर मात्र रकम भुक्तानी गरिनेछ ।
च) कार्यालयले गरेका काम र सेवा प्रवाहको बारेमा यस अघि गर्दै आईराखेका चौमासिक तथा बार्षिक रुपमा सार्वजनिक सुनुवाई लाई निरन्तरता दिईनेछ ।
छ) सूचकका आधारमा अनुगमन गर्ने गरी नतिजामुलक अनुगमन पद्धतिको विकास गरिनेछ ।
ज) सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धी बनाइनेछ। साथै आगामी आ.ब.देखि गाउँपालिकाले सार्वजनिक खरिद नियम बनाइ लागू गर्ने छ ।
झ) स्थानीय स्तरमा उत्पादित बस्तु तथा सेवाको अधिकतम उपयोग गरिनेछ ।
ञ) गाउँपालिकामा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यहरु तथा सेवाको लागि मात्र परामर्श तथा विज्ञको सेवा लिइनेछ ।

ट) गाउँपालिकालाई सुचना तथा संचारको सन्जालबाट जोडिने छ र सुचनाहरुलाई सबैको पहुँचमा पुऱ्याईनेछ ।

ठ) ई-गर्भनेन्स अवधारणा बमोजिम कार्यालयको कामलाई कम्प्यूटराइज्ड प्रणालीमा आवद्ध गरिने छ । साथै कार्यालयको काममा कम्प्यूटरको प्रयोगमा जोड दिइनेछ ।

ड) उपभोक्ता समितिहरुको लेखा तथा अभिलेख प्रणालीलाई चुस्त दूरुस्त बनाउन कार्यक्रम संचालन गरिनेछ ।

ढ) जनगुनासो सुनुवाईको लागी नागरिक सहायता कक्ष,उजुरी पेटीका र सूचना अधिकारीको व्यवस्था गरिनेछ ।

ण) कार्यालय भित्रको आन्तरिक समन्वय र संचारलाई तथा समय पालना र नियमितालाइ सुदृढ बनाइनेछ

त) बिशेष राष्ट्रिय, अर्न्तराष्ट्रिय दिवश तथा पर्वहरु बिशेष कार्यक्रमका साथ मनाईनेछ ।

**२. तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरुः**

क) गाउँपालिकाको यथार्थ अवस्था झल्कने नक्ष मा आधारित प्रोफाइल ( Village Profile) निर्माण गरिनेछ।

ख) सामाजिक सुरक्षा भत्ता तथा बाल पोषण भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको लगतलाई अनलाईन प्रणाली मार्फत् अझ व्यवस्थित गरि अद्यावधिक गरिनेछ।

ग) गाँउपालिका भित्र क्रियाशिल सरकारी, गैरसरकारी, वित्तीय, सामाजिक, धार्मिक संस्थाहरुको अभिलेख दुरुस्त राखिनेछ ।

घ) कार्यालयबाट सम्पादित कार्यहरुको अभिलेखलाई कम्प्यूटर प्रणालीमा राख्ने पद्धतिको विकास गरिनेछ साथै लेखा,व्यक्तिगत घटना दर्तालाई अनलाईन प्रणाली मार्फत् संचालन गरिनेछ र समयमै ब्यक्तिगत घटना दर्ताको लागि ब्यक्तिगत घटना दर्ता र एकिकृत सम्पत्तिकर समेतलाई जनताको घरदैलोमा पुचाइने छ ।

**३. भौतिक पूर्वाधार विकास (सडक, पुल, खानेपानी, ढल तथा नाली निकास, विद्युतीकरण) सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरुः**

क) गाउँपालिकाको दीर्घकालिन आवधिक योजना र क्षेत्रगत गुरुयोजना निर्माण गरी सोको आधारमा बार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ख) सहभागीतामुलक योजना तर्जुमा प्रकृयाको माध्यामबाट योजनाहरुको छनौट गरी प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ ।



ग) सबै वडा र वस्तीहरुलाई गाउँपालिकाकको केन्द्र सँग जोड्न सडक सञ्जालको विकास र विस्तार गरिने छ घ) सडक लगायतका पूर्वाधार विकासमा बातावरणमैत्री र गुणस्तरीय पूर्वाधार विकासमा जोड दिइनेछ ।

ङ) सडक, खानेपानी, सिंचाई, ढल तथा नाली निकास, विद्युतीकरण योजनामा जनताको लागत सहभागीता अनिवार्य गर्ने कार्यक्रम अवलम्वन गरिनेछ ।

च) गाउँपालिका भित्रका सडकहरुको स्तरउन्नती गरिनेछ ।

छ) विकास आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कम्तीमा २५ हजार भन्दा माथिका योजना सञ्चालन गर्दा अनिवार्य प्राविधिकको डिटेल इष्टिमेट अनिवार्य गर्ने तथा उपभोक्ता समितिवाट गरिने निर्माण कार्यमा कम्तिमा ५ प्रतिशत जनसहभागिता अनिवार्य गराउने र ५ लाख भन्दा माथिका योजनाहरु सञ्चालन ठेक्का प्रक्रियावाट सञ्चालन गरिने छ ।

ज) निर्माण कार्यलाइ गुणस्तरिय र जनसहभागिता अभिवृद्धि गर्न समुदायलाई उत्प्रेरित गर्न उत्कृष्ट कार्य सम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।

झ) योजना सञ्चालनमा पेश्की निरुसाहित गरिने छ ।

ञ) गाउँपालिका भित्रका सबै बस्तीहरुमा स्वच्छ खानेपानी पुर्‍याउने नीति अनुरुप स्वच्छ खानेपानी नपुगेका वडाहरुमा क्रमिक रुपमा पुर्‍याउने कार्यक्रम ल्याईनेछ ।

ट) विद्युतीकरण नभएका बस्ती तथा वडामा विद्युत सेवा विस्तारलाई प्राथमिकता दिइनेछ जसमा ट्रान्सफरमर,पोल तथा तारको व्यवस्थापन गरिनेछ ।

ठ) बस्तिलाई व्यवस्थित गर्न ऐलानी प्रति जग्गालाई नाप नक्सा गरी एकरुपता ल्याउन जग्गा विहिन सुकुम्बासीहरुको सम्भाब्य अध्ययन गरी बस्ती ब्यावस्थापन प्रक्रिया अघि बढाईने छ ।

ड) साविक वस्तीहरुका साना बाटाहरुमा समेत ऐम्बुलेन्स वा दमकल पुग्न सक्ने गरी कम्तीमा ४ मिटर हुने गरी गाउँपालिकाले बाटो विस्तार गरिने र नयाँ बाटाहरु मापदण्ड अनुसार कम्तिमा पनि ६ मिटर कटाईने छ ।

ढ) भवन निर्माण मापदण्ड कार्यविधि २०७४ लागु गरिने छ ।

ण) गाउँपालिकाका प्रत्येक विकास निर्माणका कार्यहरुमा जनसहभागितालाई जोड दिईने छ ।

त) गाउँपालिकालाई आवश्यक भौतिक, पूर्वाधार निर्माण तथा आर्थिक विकासका लागि आवश्यक पर्ने मेशिनरी औजार लगायत साधन स्रोत सम्पन्न बनाइने छ ।

## ४. संस्थागत क्षमता विकास सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरु:

क) गाउँपालिकाको कार्यालयलाई सुविधा सम्पन्न र सेवाग्राहीमैत्री बनाइने छ ।

ख) कार्यालय भवन नभएको ५ नं. वडामा कार्यालय भवन तत्काल निर्माण गर्न आवश्यक प्रक्रिया अघि बढाईने छ ।

ग) गाउँपालिकाको संगठन संरचना र व्यवस्थापन (इ७ः) का बारेमा अध्ययन गरी नयाँ संगठन संरचना लागु गरि कर्मचारी व्यवस्थापन गरिनेछ ।

घ) गाउँपालिकाका कर्मचारीहरुको लागि कर्मचारी विनियमावली तयार गरी लागु गरिनेछ ।

ङ) जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

च) गाउँपालिका भित्रका सबै विद्यालय, गाउँपालिका र वडा कार्यालय भवन, स्वास्थ्य चौकी, हुलाक कार्यालय र सेवाकेन्द्रहरुलाई सुचना प्रविधिमैत्री बनाइने छ ।

छ) *यस गाउँपालिकामा कार्यक्षेत्र वनाई सेवा प्रवाह गरिरहेका सरकारी तथा गैह्रसरकारी संघ संस्थालाई एकद्वार प्रणाली अनुसार समन्वय, सहकार्य र एकरुपताका लागी यसै गाउँसभावाट स्वीकृत गराई मात्र कार्यक्रम संचालनगर्न दिने जसबाट अपनत्वको भावना पैदा भइ कार्यक्रम थप प्रभावकारी हुने र विशेष परिस्थिति वाहेक अन्य अवस्थामा गाउँ सभाको स्वीकृति विना कार्यक्रम संचालन गर्न नदिने व्यवस्था मिलाईएको छ ।*

झ) टोल विकास संस्थाहरुको गठन गरि सामाजिक तथा अन्य क्रियाकलापहरुमा परिचालन गरिनेछ ।

## ५. स्वास्थ्य सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरु

क) "स्वस्थ्य गाउँपालिका" को अवधारणा अनुसार नागरिकको घरदैलोमा स्वास्थ्य परिक्षण सहित, स्वच्छ खानेपानी, सफा शौचालय, लगायतका सुचकहरु तयार गरी यसै आ.ब.देखि पारिवारिक एवं ब्यक्तिगत स्वास्थ्य कार्ड हरेक नागरिकलाई उपलब्ध गराउने चालु आ.ब.को कार्यक्रमलाई आगामी आ. ब. मा पनि निरन्तरता दिईने छ ।

ख) वडा नं. २ मा यसै आ.ब.मा सञ्चालनमा आएको आधारभूत सेवा सहितको "स्वास्थ्य प्रयोगशाला" आगामी आ. ब. मा वडा नं. ५ मा पनि स्थापना गरि सेवा विस्तार गर्ने निति लिइनेछ ।

ग) प्रसुति गृहलाई २४ सै घंण्टा प्रभावकारी रुपमा सञ्चालनका साथै आधुनिकिकरण सहित सुविधा सम्पन्न बनाइने छ ।



घ) विशेषज्ञ डाक्टर सहितको निःशुल्क घुम्ती स्वास्थ्य सेवा संचालन

ङ) गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकार सुनिश्चित गर्ने निति अनुसार यसै आ.ब.देखि स्वास्थ्य विमाका लागि स्वास्थ्य विमा लागु गर्न सम्वन्धित निकायहरु सँग पहल गरिनेछ ।

च) महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई थप प्रभावकारी बनाउन स्वास्थ्य विमा र राहत कोषको स्थापना गरि प्रोत्साहन गरिनेछ ।

छ) महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न विशेष कार्यक्रमहरु बनाई लागु गरिनेछ ।

ज) गर्भवती पहिचानका लागी प्रत्येक गर्भवती महिलाका घरमा संकेत स्वरुप हरियो झण्डा राख्ने, जाँच तथा स्वास्थ्य संस्थामा बच्चा जन्माउनेलाई प्रोत्साहन गरिनेछ ।

झ) आगामी आ.ब.देखि डुडुवाको स्वास्थ्य केन्द्रलाई स्तरउन्नती गरी विशेषज्ञ सेवामा र कम्तीमा १५ शैयाको सहितको अस्पताल बनाउन पहल गरिनेछ र रक्तसंकलन केन्द्र स्थापनाका लागि नेपाल रेडक्रश सोसाइटी लगायतका संस्थासंग समन्वय गरीनेछ ।

ञ) "भ्याक्टर कन्ट्रोल डिजिज" (मलेरिया, कालाजार, डेगुं, चिकेन गुनिया, हात्तीपाइले) रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पहल गरिने छ ।

ट) सर्पदंश तथा रेबिज रोगको उपचार र नियन्त्रणका लागि आवश्यक समन्वय र पहल गरिने छ ।

ठ) पहुँच भन्दा टाढा रहेका गाउँघर क्लिनिकलाई क्रमिकरुपमा भौतिक तथा मानवीय साधन स्रोत सम्पन्न बनाई सामुदायिक स्वास्थ्य इकाइको रुपमा स्तरोन्नति गरिने छ ।

## ६. राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरु:

क) राजस्व क्षेत्रको सुधारका लागि राजस्व परामर्श समितिको परामर्शमा करका दरहरुलाई ब्यबहारिक र बैज्ञानिक बनाईनेछ ।

ख) कर तथा राजश्वका सम्बन्धमा अध्ययन गर्न कर सम्भाव्यता अध्ययन गरी करका दरहरुलाई समसामयिक र दायरालाई फराकिलो बनाइ सबैलाई करको दायरामा समेटीने छ ।

ग) कर प्रणालीलाई स्वस्छ र पारदर्शी बनाउदै स्वेच्छिक कर बुझाउने परिपाटिको विकास गरिने छ ।

घ) लगानी मैत्री कर नीति अवलम्बन गरिने छ ।

ङ) आर्थिक हरहिसाबलाई दोहोरो लेखा प्रणाली अनुरुप यथार्थपरक लेखा व्यवस्थापन गरिने छ ।

च) नतीजामा आधारित खर्च व्यवस्थापन तथा वजेट पद्दतीको विकास गरिने छ ।

छ) कर अभियान तथा राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

ज) कर राजस्व सम्बन्धि स्पष्ट कानून, नीति, कार्यविधी र संस्थागत संरचना बनाइने छ ।

झ) सबै करदाताहरुको विवरण संकलन गरी अद्यावधिक गरिने छ ।

ञ) सबैभन्दा बढी कर तिर्ने करदाताहरुलाई प्रत्येक वर्ष सम्मान गरिनेछ ।

ट) प्रत्येक वडाका सम्पूर्ण घर धुरीलाई अनिवार्य रुपमा एकिकृत सम्पत्तिकरको दायरा भित्र ल्याईनुको साथै एकिकृत सम्पत्तिकर सुचकका आधारमा स्वघोषणाको लगि प्रेरित गरिने छ ।

ट) एकिकृत सम्पत्तिकर कार्यान्वयन निर्देशिका बनाई कार्यान्वयनमा ल्याइने छ ।

**७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिबासी जनजाति एवं अपाङ्गता भएका व्यक्ति तथा सामाजिक सुरक्षा सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरुः**

क) प्रचलित ऐन, नियम, निर्देशिका तथा कार्यविधि र जनताको माग बमोजिम लक्षित वर्गका लागि वजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ख) अपाङ्ग, अशक्त, जेष्ठ नागरिक, अनाथ, टुहुरा, एकल महिला, हिंसा पिडित महिला तथा सिमान्तकृत वर्गको संरक्षण र सशक्तिकरणको निति लिईने छ ।

ग) पछाडि पारिएका माहिला/दलित/मधेशी/मुस्लिम/अपाङ्ग/बालबालिका/जेष्ठ नागरिक/एकल महिला/सिमान्तकृत समुदायलाई आर्थिक, सामाजिक, राजनैतिक तथा न्यायिक स्तरमा पहुच अभिबृद्धि गराई विकासको मुल धारमा समाहिकरण गरिने छ ।

घ) लक्षित वर्गा पहिचान गरी प्रत्येक वडामा समूह/समिति/संस्थामा आबद्ध गराई उनीहरुको आर्थिक, सामाजिक, तथा न्यायिक रुपमा शसक्तिकरण गरिने छ ।

ङ) महिलाहरुका लागि शिपमूलक,स्वरोजगार तथा आयमुलक तालिम संचालन गरी व्यवसाय संचालनका लागि विउपूँजी उपलब्ध गराईनेछ ।

च) हिंसापिडित महिला तथा बालबालिकाहरुको उचित व्यवस्थापन गर्न पहल गरिनेछ ।

छ) बालक्लवहरु गठन,पुर्नगठन र सवलीकरण गरी तीनको भुमिकालाई प्रभावकारी बनाइनेछ ।

ज) यसै आ.ब. देखि सामाजिक सुरक्षा भत्तालाई नेपाल सरकारको निति बमोजिम बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ ।



झ) ज्येष्ठ नागरिकहरु समाजका गहना भएकाले सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनुका साथै ज्येष्ठ नागरिकको दैनिक जीवनयापनलाई सहज बनाउन सेवा केन्द्रहरु संचालनमा ल्याउन पहल गरिनेछ ।

ञ) गाउँपालिकाका वडाहरु क्रमशः बालमैत्री घोषणा गर्दै डुडुवा गाउँपालिकालाई वालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक पहल गरिने छ ।

ट) नेपाल सरकारको राष्ट्रिय कार्यक्रम अन्तर्गतका गरिब घरधुरी परिचय-पत्र र स्वास्थ्य बीमा कार्यक्रलाई विशेष रुपमा जोड दिइने छ ।

ठ) डुडुवा गाउँपालिकाको सबै वडाहरुमा विपन्नता स्तरीकरणको नक्साङ्कन र सूचक तयार गरिनेछ ।

ढ) सरकारको सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गर्न नसकेका "ग" र "घ" वर्गका अपाङ्गलाई समाजिक सुरक्षा भत्ता उपलब्ध गराउन आबश्यक बन्दोवस्त गरिने छ ।

**८. बन, बातावरण संरक्षण, फोहरमैला व्यवस्थापन र विपद व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरुः**

क) गाउँपालिकाको विपद् जोखिम नक्सांकन गरि यसैका आधारमा विपद् जोखिम न्यूनिकरणका लागि योजना तथा कार्यत्रलमका साथै आवश्यक ऐन, नियम तथा कार्यविधि बनाइ कार्यान्वयन गरिने छ ।

ख) विपद् तथा जोखिममा परेकाको तत्काल राहत र उद्दार गर्नका लागि विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरी कोष वृद्धि गरिने छ ।

ग) नीजि वनलाई प्रोत्साहन गर्दै नीजि वन दर्तामा सहुलियत र उत्पादनको सहज विक्रि वितरणका लागि व्यवस्था गर्ने नीति बनाइने छ ।

घ) सामुदायिक वनहरुलाई प्रवर्द्धन गर्ने नीति लिइने छ । नयाँ सामुदायिक वन स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।

ङ) फोहरलाई मोहर बनाउने निति अवलम्वन गरिनेछ र फोहर मैला व्यवस्थापनका लागि आवश्यक नीति बनाई सोहि अनुरुप कार्यक्रमहरु संचालन गरिने छ ।

च) गाउँपालिकाको बातावरणलाई स्वच्छ, सफा, हराभरा र फोहरमैला रहीत बनाइनेछ ।

छ) घरलाई धुँवारहित बनाउने र बाह्य प्रदुषण नियन्त्रणका लागि उद्योग कलकारखानाबाट उत्पादन हुने हानिकारक धुँवा, धुलो र रसायनको उचित व्यवस्थापनका लागि मापदण्ड निर्धारण गरी कार्यान्वयन गराइने छ ।

ज) ताल तलैया, खोला नालामा विष, विद्युतीय यन्त्र प्रयोग गरी माछा मार्न पुर्णत प्रतिवन्ध लगाइने छ ।

झ) घर घरमा विरुवा रोप्ने तथा खाली र प्रति जग्गाहरुमा बृक्षारोपणलाई प्राथमिकता दिईनेछ ।

ञ) सार्वजनिक महत्वका सम्पदाहरु, खुल्ला क्षेत्र, पार्क, ताल तलैया, पोखरी, मनोरन्जनस्थल, पिकनिक स्थल संरक्षण गरि थप निर्माणका लागी यसै आ.व.देखि आवश्यक पहल गरिनेछ ।

ट) खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भैसके पश्चात्‌का अभियानलाई निरन्तर रुपमा संचालन गरि गाउँपालिकाको सरसफाईमा बिशेष ध्यान दिईनेछ ।

ठ) नदी कटान तथा भुक्षयलाई रोक्न जैविक प्रविधिमा आधारित क्रियाकलापहरुलाई प्रोत्साहन गरिनेछ ।

ड) बाढी पीडितहरुलाई पुर्नस्थापना र पुर्नवासको लागि अवश्यक पहल गरिने छ ।

ढ) राप्ती र डुडुवा नदिको कटानबाट गाउँ बस्तीलाई सुरक्षित गराउन तटबन्धन, वृक्षारोपण लगायत जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने निति लिईने छ ।

**९. कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी, रोजगारी र उद्यमशीलता विकास सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरुः**

क) कृषिमा आधुनिकीकरण र व्यावसायिकरणका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ जस मध्ये कृषि मेशिनरी औजार, बोरिङ्ग जडान, माटो परिक्षण, कृषि सिंचाइ, विद्युत, तालिम, मल, विउविजन लगायत कार्यक्रम सञ्चालन गरिने छ ।

ख) मल, विउ, कृषि विद्युत महशुलमा अनुदानका लागी आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

ग) कृषि भूमिमा पानी, सिँचाइमा लगानी भन्ने मूल नारा सहित सम्पूर्ण कृषियोग्य भूमिमा आधुनिक सिँचाइ प्रणालीबाट सिचाई सुविधा पुग्ने गरी पूर्वाधार निर्माण गरिनेछ ।

घ) पुराना सिँचाइ प्रणालीलाई मर्मत संभार तथा पुनर्निर्माण गरी पूर्ण क्षमतामा संचालन गरिनेछ ।

ङ) गाउँपालिकाका सबै ताल तलैया, पोखरी र पानीका स्रोतहरूको संरक्षण गरिनेछ ।

च) शीत भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ ।



छ) कृषि उपज विक्रिका लागि व्यवस्थित कृषि तथा हाट बजारको स्थापना गर्न पहल गरिने छ ।

ज) प्रांगारिक कृषि खेतीका लागि प्रोत्साहन गरिनुका साथै कृषि बाली तथा पशु विमाका लागि कृषकहरुलाई अनुदान दिने व्यवस्था मिलाइनेछ ।

झ) कृषियोग्य जमिन चक्लाबन्दी गरी आधुनिक फार्महरूको विकास गर्नका लागि कृषकहरुलाई प्रोत्साहन गर्नका लागि सहुलियत तथा अनुदान उपलब्ध गराइने छ ।

ञ) कृषि तथा भेटनरी प्राविधिकहरूले कृषि फार्म तथा कृषकको खेतबारी र गोठमै पुगेर सेवा दिने प्रबन्ध गरिने छ ।

ट) गाईबस्तुको संरक्षण, गौमूत्र संकलन, प्रांगरिक मलको उत्पादन र कृषि रोजगारी बृद्धिका लागि सामुदायिक एवं सरकारी वन संग समन्वय गरि डुडुवा गाउँपालिकामा एक कान्जी हाउस/गौशाला स्थापना गरी सोको उचित व्यावस्थापन र सञ्चालनको लागि सरकारी एवं गैरसरकारी संघ संस्था/उ.म.न.पा./न.पा. र गा.पा.सँग समन्वय गर्ने ।

ठ) कृषकहरुको क्षमता अभिवृद्धिका लागि तालिम, भ्रमण लगायतका कार्यक्रम संचालन गरिने छन्‌ ।

ड) सहकारीको प्रबर्द्धनबाट वस्तु र सेवाको उत्पादन, वितरण र बजारीकरणलाई व्यवस्थित गरिने छ। टोलटोलमा सहकारी, घरघरमा रोजगारीको नारालाई अवलम्वन गरिने छ ।

ढ) सहकारी नीतिको निर्माण गरी सहकारीहरुलाई उद्यमशीलता र रोजगारी प्रबर्द्धनका लागि साझेदार बनाउने पहल गरिने छ ।

ण) गाउँपालिकामा दर्ता हुने घरेलु तथा मझौला उद्योगहरुको दर्ता प्रक्रियालाई सरलीकृत गर्दै व्यवसायी अनुकुल वातावरण निर्माण गरिने छ ।

त) बेरोजगार व्यक्तिहरूलाई सहकारीमा आबद्ध गरी स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रेरित गरिने छ । साथै सरोकारवाला निकायहरु संग समन्वय गरि त्यस्ता बेरोजगार व्यक्तिहरुका लागी सिपमूलक तालिमको व्यवस्था गरिनेछ ।

थ) बैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक संकलन गरि प्रवासमा रहँदा आर्जन गरेको सीपलाई प्रमाणीकरणको व्यवस्था गरी फर्किएर आएका श्रमिकलाई स्वदेशमै पेशा व्यवसायमा लाग्न प्रेरित गरिनेछ ।

द) सबै प्रकारका पेशा व्यवसायहरुलाई दर्ता गर्ने प्रक्रियालाई व्यवस्थित बनाइ लागु गरिने छ र सोको लगत राखि तथ्यांक व्यवस्थित गरिने छ ।

ध) पर्यटकीय क्षेत्रको विकासका लागि गाउँपालिकाको पर्यटन नीति निर्माण गरि लागु गरिनेछ ।

न) डुडुवा गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गराउनको लागि इच्छुक बस्ती एवं समूहलाई होम स्टे सञ्चालन गर्न प्रोत्साहित गर्ने छ ।

प) डुडुवा गाउँपालिकालाई पर्यटकिय गन्तब्य बनाउन वार्ड नं. ५ कम्दी स्थित नानापुर पर्यटकिय स्थलमा भ्यूटावर निर्माण र पिकनिक स्पोर्ट निर्माण गर्ने, त्यसै गरी वार्ड नं. २ बेतहनी स्थित झोरा जङ्गलमा सुविधा सहितको पिकनिक स्पट निर्माणलाई निरन्तरता दिईने छ ।

फ) डुडुवा सिधानियाघाटलाई धार्मिक पर्यटनको रुपमा विकास गर्न ब्यावस्थित स्नान स्थल निर्माण, शवदाह गृहको निर्माण र आश्रम स्थलको निर्माणलाई निरन्तरता दिइने छ ।

ब) डुडुवा गाउँपालिकाको सबै वडाहरुमा बाल उद्यान निर्माण गर्ने ।

भ) मुस्लिम तथा मधेशी संस्कृतिको जगेर्ना गर्न मुस्लिम तथा मधेशी संग्रहालय बनाउने गरी गुरुयोजना तयार गर्नका लागी समन्वयकारी भूमिका खेलिनेछ ।

म) कृषि लगायत असंगठित क्षेत्रमा रहेका मजदूरहरुको पंजिकरण गरि न्यूनतम पारिश्रमिक तोकि श्रमिकको सम्मान गर्ने निति लिईनेछ ।

य) साना तथा मझौला उद्योगहरु संचालन र प्रवर्धनका लागी लगानीमैत्री वातावरणको श्रृजना गरिनेछ ।

र) स्थानीय उद्योगहरु संचालन गर्न थप प्रोत्साहन गरिनेछ ।

ल) औद्योगिक क्षेत्र संचालनका लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

व) लघु, घरेलु तथा साना उद्योगी व्यवसायीहरुका लागी क्षमता अभिवृद्धिका लागी पहल गरिनेछ ।

स) महिला उद्यमीहरुलाई विना धितो कर्जा प्रवाह गर्न पहल गरिनेछ ।

ष) पशुपालन व्यावसायलाई आधुनिकिकरण गर्दै सुधार, कृत्रिम गर्भधान, गोठ सुधार आहारा व्यावस्थापन तथा उपचार कार्यक्रमहरु सञ्चालन गर्ने निति लिईने छ ।

श) राप्ती र डुडुवाको कटान र डुवान पछि बगरमा परिणत भै बाँझो अवस्थामा रहेको हजारौं विगाह जग्गालाई उत्पादन कार्यमा उपयोग गर्न सकिएको खण्डमा त्यस क्षेत्रका बासिन्दाहरुलाई ठुलो राहत प्राप्त हुने र आय आर्जनमा समेत उल्लेख्य वृद्धि हुने भएकोले ती स्थानहरुमा हुन सक्ने खेतीबालीहरु (उखु, काँक्रा, फर्सि, लौका, करेला, तरभुजा आदि) लगाउन त्यस क्षेत्रका ब्यक्ति र समुहलाई प्रोत्साहित गरिने छ ।



**१०. शिक्षा, खेलकुद र धर्म संस्कृति, कला, साहित्य संरक्षण सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरुः**

क) शैक्षिक सुचकांकमा पछि परेको डुडुवा गाँउपालिकाको शैक्षिक स्तरमा ब्यापक सुधारको लागि आवश्यक रणनीति लिइनेछ ।

ख) साक्षर डुडुवा अभियान सञ्चालन गरिने छ र डुडुवा गाउँपालिकालाई पूर्ण रुपमा साक्षर घोषणा गरिने छ ।

ग) स्कुल जाने उमेरका सबै बालबालिकाहरु विद्यालय भर्ना अनिवार्य गर्न अभिभावकहरुलाई प्रोत्साहित गरिनेछ घ) चालु आ.ब.मा सञ्चालन भैरहेको "घर घरमा SEE" अभियानलाई निरन्तरता दिइने छ ।

ङ) स्कुल भर्ना भएर विचैमा छाडने प्रबृतिलाई निरुत्साहित गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

च) विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था मिलाइनेछ । आवश्यकता अनुसार स्वयंसेवक शिक्षकहरुलाई समेत विद्यालयहरुमा परिचालित गरिने छ ।

छ) विद्यालयलाई शान्तिक्षेत्र र हडताल निषेधित क्षेत्रको रुपमा विकास गरिनेछ ।

ज) कक्षा कोठा र विद्यालयको बातावरणलाई पूर्ण रुपमा बालमैत्री र सिकाई मैत्री बनाउन पहल गरिनेछ ।

झ) शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोगलाई जोड दिइने छ ।

ञ) व्यवसायिक तथा प्राविधिक शिक्षा अध्ययनका लागि विद्यार्थीहरुलाई प्रोत्साहन गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

ट) विद्यालयको PMEC (कोठा, विद्यार्थी, शिक्षक, खानेपानी, शौचालय, खेलमैदान, पूस्तक) नपुगेका विद्यालयका लागि भौतिक सुविधा विस्तार गरिने छ ।

ठ) विद्यालयको नाममा रहेका जग्गाहरु व्यवसायिक कृषि तथा अन्य व्यावसायिक प्रयोजनका लागि उपयोगमा ल्याउन आवश्यक पहल र सहकार्य गरिनेछ ।

ड) कक्षा ८ सम्म अध्ययनरत सबै सीमान्तकृत, दलित, मुस्लिम बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप बार्षिक छात्रवृतिको व्यवस्था गरिनेछ ।

ढ) स्थानीय चाड, पर्व, मेला, परम्परा, भाषा, संस्कृतिको प्रवर्धन गरिनेछ ।

ण) गाउँपालिकामा रहेका सबै मदरसाहरुको नक्साङ्कन गरी व्यवस्थित गरिने छ ।

त) विद्यालयमा आधारित बाल विकासहरुमा दिवा खाजा व्यवस्थानमा जोड दिइनेछ ।

थ) मन्टेश्वरी शिक्षा प्रणाली केन्द्रित नमुना वाल विकास केन्द्रहरुको स्थापनाका साथै सबै बालबिकास केन्द्रमा बालबालिकालाई अंग्रेजी माध्यमबाट सिकाइ आरम्भ गरिनेछ ।

द) डुडुवा गाउँपालिका स्तरिय राष्ट्रपति रनिंग शिल्ड खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

ध) खेलकुदको विकासको लागि सबै विद्यालय तथा खेलकुद क्लबहरुको क्षमता अभिवृद्धिका लागि खेल सामाग्री सहितको सहयोग उपलब्ध गराइने छ ।

न) सामुदायिक विद्यालयहरुमा रहेका मैदानलाई खेलकुद मैदानको रुपमा विकसिति गरिनेछ ।

प) गाउँपालिकाका वडाहरुमा खेलकुद प्रतियोगिता संचालन गर्न उत्प्रेरित गरिनेछ साथै डुडुवा गाउँपालिका अर्न्तगत उत्कृष्ट खेलाडीहरुलाई सम्मान गरिनेछ।

फ) यस गाउँपालिकामा सुविधा सम्पन्न कवड हल, रंगशाला र प्रशिक्षण केन्द्र निर्माण कार्यका लागी सम्भाव्यता अध्ययन गरि कार्य शुरु गरिनेछ।

ब) गाउँपालिकामा विद्यालय क्षेत्र विकास कार्यक्रम बनाइ लागु गरिनुको साथै शैक्षिक पात्रोको निर्माण गरि कार्यान्वयन गरिने छ । शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था तथा दातृ निकायहरुको सहयोगलाई विद्यालय क्षेत्र विकास कार्यक्रम अनुसार बास्केट फन्ड बनाई परिचालन गर्ने व्यवस्था मिलाइने छ ।

भ) शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादन करार सम्झौता गरी कार्य सम्पादन मूल्यांकनमा विद्यार्थीको सिकाइ उपलव्धिलाई महत्वपूर्ण आधारका रुपमा लिइनेछ ।

म) विद्यार्थीहरूलाई देशको विविध क्षेत्रको आर्थिक, सामाजिक, सास्कृतिक आदि अवस्थाको अनुभव गराउन सम्बन्धित क्षेत्रहरूको अध्ययन अवलोकन भ्रमणलाई प्रोत्साहन गरिने छ ।

य) विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ

र) प्रत्येक वडाहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन लागू गर्दै लगिनेछ ।

ल) गाउँपालिकाभित्र प्रचलनमा रहेका सबै चाडपर्व, भाषा, कला, संस्कृतिको संरक्षण र सर्म्वद्धन गरिनेछ ।

व) सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ गर्न अभियानहरु सञ्चालन गरिने छ ।



स) स्थानीय सामुदायिक विकासमा स्थानीय स्तरका टोल विकास समितिहरु र युवा क्लवहरुलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

ष) शैक्षिक गुणस्तर वृद्धिका लागि संयुक्त अनुगमन गरी नतिजामा आधारित अनुगमन प्रणालीलाई जोड दिइनेछ ।

**११. प्रभावकारी कानुनी व्यवस्था र नागरिकको सुरक्षा सम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरुः**

क) न्यायिक समिति मार्फत छिटो छरितो र सबैको पहुँचमा पुग्ने गरी न्याय दिनका लागि आवश्यक कानून र श्रोत, साधनको व्यवस्था गरिने छ ।

ख) गाउँपालिकाको आफ्नो सेवा प्रवाह र विस्तारका लागि आवश्यक पर्ने कानून, ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका तयार गरी लागु गरिने छ।

ग) गाउँपालिकामा शान्ति सुव्यवस्था कायम गर्न गाउँपालिकाका मुख्य मुख्य वजार क्षेत्र र संवेदनशील स्थानहरुमा सुरक्षा निगरानीको व्यवस्था गरिने छ ।

घ) गाउँपालिका भित्र आवश्यकता अनुसार प्रहरी चौकी स्थापना गर्नुका साथै गाउँपालिकाका सबै प्रहरी चौकिको भौतिक सुविधा सम्पन्न गर्दै स्तरोन्नतीको पहल गरिने छ ।

ङ) गाउँपालिकाको निति, निर्णय र कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार गाउँपालिका प्रहरी सञ्चालन गर्ने निति लिइने छ ।

च) विपद्का घटनाहरुमा तत्काल पुग्ने गरी गाउँ प्रहरीलाई साधनश्रोत सम्पन्न बनाइने छ ।

छ) गरिब, असहाय तथा पिछडिएका समुदायका व्यक्तिहरूको न्यायमा सहज पहुँच पुर्‍याउन निःशुल्क कानुनी परामर्श तथा सहयोगको व्यवस्था गरिने छ ।

ज) गाउँपालिका भित्र अनावश्यकरुपमा मुद्दा मामिला गर्ने प्रवृत्तिलाई निरुत्साहन र मेलमिलापको प्रवृत्तिलाई प्रोत्साहन गर्न साविकका प्रत्येक वडाका मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु**

अन्तमा, आफनो अमूल्य समय दिई तेस्रो गाउँसभामा उपस्थित सबै सभासद तथा हाम्रो गाउँ सभालाई व्यवस्थित रुपमा सञ्चालन गर्न सहयोग गर्नु हुने पदाधिकारी, प्रमुख प्रशासकिय अधिकृत, कर्मचारीहरु, कानूनी सल्लाहकार लगायत सम्पूर्ण महानुभावहरु लाई म डुडुवा गाउँपालिकाको तर्फबाट पुन : विषेश धन्यबाद र आभार व्यक्त गर्न चाहन्छु ।

गाउँ कार्यपालिकाको बैठकमा नियमित रुपमा उपस्थित भई नेपाल सरकारको मार्ग दर्शन अनुसार गाउँ विकास योजना तर्जुमा, नीति तथा कार्यक्रम, बजेट, विधेयकहरुको मस्यौदा र कार्यविधी हरु तयार गर्न महत्वपूर्ण योगदान गर्नुहुने गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु,वडाध्यक्ष ज्यूहरु,अन्य सम्पूर्ण पदाधिकारी, तथा गाउँपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण डुडुवा गाउँपालिका वासीमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा डुडुवा गाउँपालिका क्षेत्रको विकासका लागी कोशेढुंगा सावित हुने यस गरिमामय तेस्रो गाउँ सभामा प्रस्तुत निति,कार्यक्रम, बजेट तथा प्रस्तावित विधेयकहरुमा रचनात्मक राय,सुझाव र मार्गदर्शन प्रदान गरि यसलाई सफल र परिणाम मूखि बनाउन सबै सभासद ज्यूहरुको आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा एवं विश्वास लिएको छुं । गाउँपालिकाको भौतिक, सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, गाउँ सभा यो अवस्था आइपुग्दासम्ममा आ-आफ्नो स्थानबाट सहयोग पुर्‍याउनु हुने सम्पूर्ण कर्मचारी, सुरक्षाकर्मीहरु समेत सवैलाई धन्यबाद दिदै उपस्थित सवै महानुभावप्रति हार्दिक धन्यबाद सहित आभार प्रकट गर्दै विदा हुने अनुमति चाहन्छु ।



# बजेट तथा कार्यक्रम

| सि. नं | योजना तथा कार्यक्रम | बिनियोगित बजेट | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सघिय बित्तिय समानीकरण | प्रदेश समानिकरण | आन्तरिक श्रोत | राजश्व बाँडफाड | | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१३२८५०१२ | |
| १ | क्षमता बिकास कार्यक्रम | २०००००० | ० | | | २०००००० | |
| २ | आयआर्जन कार्यक्रम | १०००००० | ० | | | १०००००० | |
| ३ | नेतृत्व तथा क्षमता बिकास कार्यक्रम | ५००००० | ० | | | ५००००० | |
| ४ | संस्थागत समपुरक अनुदान | ५००००० | ० | | २८००००० | ३३००००० | |
| ५ | संस्थागत बिकास तथा सेवा प्रबाह | | | २०००००० | | २०००००० | |
| ६ | महिला बिकास कार्यक्रम | | | ५००००० | | ५००००० | |
| ७ | बाल संरक्षण तथा निती निर्माण | | | ५००००० | | ५००००० | |
| ८ | सहकारी संस्थाको क्षमता बिकास | | | ५००००० | | ५००००० | |
| ९ | जेष्ठ नागरिक सम्मन तथा सामाजिक सहायता | | | ५००००० | | ५००००० | |
| १० | अपांगता निती निर्माण तथा कार्यान्वयन | | | ५००००० | | ५००००० | |
| ११ | राप्ती नदीमा स्नान कक्ष र मन्दिर संरक्षण | १०००००० | ० | | ५००००० | १५००००० | |
| १२ | रनिङ शिल्ड | ५४००० | १९६००० | | | २५०००० | |
| १३ | धार्मिक तथा सामुदायिक संस्थाको पुर्वाधार सुधार | ७५०००० | ० | | | ७५०००० | |
| १४ | जनएकता समाजको भवन निर्माण | ० | ५००००० | | | ५००००० | |
| १५ | हलबलडोली मस्जिद मर्मत सुधार | ५००००० | ० | | | ५००००० | |
| १६ | शिक्षक तथा कर्माचारी ब्यबस्थापन | ० | ० | ३०००००० | | ३०००००० | |
| १७ | शिक्षण संस्था पुर्वाधार सुधार | २९००००० | ० | ४५००००० | | ७४००००० | |
| १८ | शैक्षिक गतिबिधी संचालन | १०००००० | ० | १३००००० | | २३००००० | |
| १९ | स्वास्थ्य सेवाका बिबिध कार्यक्रम | | | २०००००० | | २०००००० | |
| २० | औषधी ब्यवस्थापन | २०००००० | ० | | | २०००००० | |
| २१ | राष्ट्रिय अभियान कार्यक्रम र दिगोपन | ० | २५०००० | | | २५०००० | |
| २२ | बर्थिङ्ग सेन्टर संचालन र ब्यबस्थापन | १०००००० | ० | | | १०००००० | |
| २३ | खानेपानी नल्का /धारा खरिद बितरण तथा जडान कार्यक्रम | ६००००० | ३०००००० | ५००००० | ९५००००० | १३६००००० | |

| सि. नं | योजना तथा कार्यक्रम | बिनियोगित बजेट | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सघिय बित्तिय समानीकरण | प्रदेश समानिकरण | आन्तरिक श्रोत | राजश्व बाँडफाड | | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१३२८५०१२ | |
| २४ | पुर्ण सरसफाई | ० | ६००००० | | १०००००० | १६००००० | |
| २५ | संस्कृति पर्बद्धन | ५००००० | ० | | | ५००००० | |
| २६ | बन संरक्षण तथा नर्सरी संबर्द्धन | ५००००० | ० | १०००००० | | १५००००० | |
| २७ | कान्जीहाउस (गौशाला) निर्माण | २०४१००० | ० | २०००००० | | ४०४१००० | |
| २८ | पिक्निक स्पोंट स्थापना | ६००००० | ० | | | ६००००० | |
| २९ | बिपत न्युनीकरणका लागी ब्यबस्थापन | १९००००० | ० | | | १९००००० | |
| ३० | विपत ब्यबस्थापन कोष | १०००००० | ० | | | १०००००० | |
| ३१ | तटबन्ध निर्माण (५ नं.वडामा १५ लाख, बन्कट्टी ५ लाख, बेतहनी ५ लाख, होलया ५० लाख) | | | | ७५००००० | ७५००००० | |
| ३२ | बिउ संकलन केन्द्र | २०००००० | ० | २०००००० | ११०००००० | १५०००००० | |
| ३३ | कोल्ड स्टोर निर्माण | | | | २०००००० | २०००००० | |
| ३४ | कृषि प्रसार कार्यक्रम | ५००००० | ० | | | ५००००० | |
| ३५ | तरकारी तथा मसलावाली बिकास कार्यक्रम | १५००००० | ० | ५००००० | | २०००००० | |
| ३६ | फलफुल बिरुवा बितरण | | | २०००००० | | २०००००० | |
| ३७ | कृषि बिधुतिकरण तथा साना सिचाई कार्यक्रम | १०००००० | ० | १०००००० | | २०००००० | |
| ३८ | पशु खोपसेवा कार्यक्रम | ५००००० | ० | | | ५००००० | |
| ३९ | पशु उपचारका लागि औषधि खरिद | २०००००० | ० | | | २०००००० | |
| ४० | घरघरमा पशु सेवा तथा उपचार कार्यक्रम | २०००००० | ० | | | २०००००० | |
| ४१ | पशु खोप सेवा | ५००००० | ० | | | ५००००० | |
| ४२ | कृतिम गर्भाधान तथा बाखा प्रजनन् कार्यक्रम | ५००००० | ० | | | ५००००० | |
| ४३ | परजिवी प्रकोप विरुद्ध नियन्त्रण कार्यक्रम | २०००००० | ० | | | २०००००० | |
| ४४ | पशु विमा कार्यक्रम | २००००० | ० | | | २००००० | |
| ४५ | ट्रेविज कार्यक्रम | ३००००० | ० | | | ३००००० | |
| ४६ | कार्यालय संचालन तथा व्यवस्थापन | ५००००० | ० | | | ५००००० | |
| ४७ | पशुसेवा अभियान | १५००००० | ० | | | १५००००० | |
| ४८ | आश्रय स्थल निर्माण | १६५००० | ० | | | १६५००० | |
| ४९ | पिप्रहवा पी.सी.सी. | १५००००० | ० | | | १५००००० | |
| ५० | खडैचा पी.सी.सी. | १५००००० | ० | | | १५००००० | |
| ५१ | कधईपुर्वा बाटो | | | | ३००००० | ३००००० | |
| ५२ | बडा कार्यालयको पि.सि.सि. | | | | ३००००० | ३००००० | |



| सि. नं | योजना तथा कार्यक्रम | बिनियोगित बजेट | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सघिय बित्तिय समानीकरण | प्रदेश समानिकरण | आन्तरिक श्रोत | राजश्व बाँडफाड | | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१३२८५०१२ | |
| ५३ | कुडुवामा माटो पटान ग्राभेल | | | | २००००० | २००००० | |
| ५४ | संतलिया देखि नयाबस्ती सम्म ग्राभेल | ५००००० | ० | | २००००० | ७००००० | |
| ५५ | नयाँवस्ती छिटाईपुर्वा पी.सी.सी. | ७००००० | ० | | | ७००००० | |
| ५६ | डुडुवा पारी वाटो निर्माण | १०००००० | ० | | | १०००००० | |
| ५७ | उचवा संतलिया माटो ग्राभेल | २००००० | ० | | २००००० | ४००००० | |
| ५८ | सहाबा | २००००० | ० | | | २००००० | |
| ५९ | पिपरहवा खडैचा सडक माटो ग्राभेल | ४००००० | ० | | | ४००००० | |
| ६० | बेतहनी टोलमा पी.सी.सी. | १०००००० | ० | | | १०००००० | |
| ६१ | उचवा बाबाकुट्टी पक्की नाली निर्माण | ४००००० | ० | | | ४००००० | |
| ६२ | पिप्रहवा माटो पटान र ग्राभेल, नाली निर्माण र आर.सी.सी. ढलान | ८००००० | ० | | | ८००००० | |
| ६३ | पूर्ववाडी माटो र ग्राभेल पटान | २००००० | ० | | | २००००० | |
| ६४ | उत्तरवाडी नाली निर्माण | ३००००० | ० | | २००००० | ५००००० | |
| ६५ | अमृतपुर्वा पी.सी.सी. | ५००००० | ० | | १५०००० | ६५०००० | |
| ६६ | दासपुर्वा पी.सी.सी. | ५००००० | ० | | ३००००० | ८००००० | |
| ६७ | बाबागाउँ पी.सी.सी. | ७००००० | ० | | ३००००० | १०००००० | |
| ६८ | नौरीगौढी पी.सी.सी. | ५००००० | ० | | ३००००० | ८००००० | |
| ६९ | कोल्ही गाउँभित्र ग्राभेल पटान | २००००० | ० | | २००००० | ४००००० | |
| ७० | कोल्ही बैजनाथ हुदै गाउपालिका जाने बाटो | १००००० | ० | | ५००००० | ६००००० | |
| ७१ | ब्रम्हचारी देखि कोल्ही सम्म वाटो निर्माण | ३००००० | ० | | २००००० | ५००००० | |
| ७२ | रामनगर कधईपुर्वा ग्राभेल माटो पटान | २००००० | ० | | १००००० | ३००००० | |
| ७३ | संतलियादेखि उचवा जाने वाटोमा ग्राभेल | ३००००० | ० | | २००००० | ५००००० | |
| ७४ | जाफरपुर्वा नाली निर्माण | २००००० | ० | | | २००००० | |
| ७५ | मदरशाा निर्माण | | | | ३००००० | ३००००० | |
| ७६ | सहाबा निर्माण | | | | ४००००० | ४००००० | |
| ७७ | कैरातीपुर्वा नाली निर्माण | | | | ३००००० | ३००००० | |
| ७८ | हलबलडोली बाटो पि.सि.सि. | ९००००० | ० | | | ९००००० | |
| ७९ | साबिकको ३ नं. हलबलडोली बाटो निर्माण | ८००००० | ० | | | ८००००० | |

| सि. नं | योजना तथा कार्यक्रम | बिनियोगित बजेट | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सघिय बित्तिय समानीकरण | प्रदेश समानिकरण | आन्तरिक श्रोत | राजश्व बाँडफाड | | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१३२८५०१२ | |
| ८० | बनकट्टी गाउभित्र पि.सि.सि.र नाली निर्माण | १०००००० | ० | | ३००००० | १३००००० | |
| ८१ | हलकारापुर्वा पि.सि.सि. निर्माण | ७००००० | ० | | | ७००००० | |
| ८२ | लतपुर्वा पि.सि.सि. | | | | ५००००० | ५००००० | |
| ८३ | कटहिया पि.सि.सि. | | | | ४००००० | ४००००० | |
| ८४ | रमपुर्वा आश्रय स्थल | | | ७००००० | | ७००००० | |
| ८५ | कोल्ही कज्वे देखि रमपुरवा जाने वाटोमा माटो ग्राभेल | ७००००० | ० | | | ७००००० | |
| ८६ | मोल्बीपुर्वा देखि बरगदहा बाबा सम्म बाटो निर्माण | ८००००० | ० | | | ८००००० | |
| ८७ | बनकटवा गाउँमा पी.सी.सी. | १०००००० | ० | | ३००००० | १३००००० | |
| ८८ | खटकन टोलमा माटो ग्राभेल | ३००००० | ० | | २००००० | ५००००० | |
| ८९ | हलबलडोली गाउँमा पी.सी.सी | ४००००० | ० | | | ४००००० | |
| ९० | तिवारीपुर्वामा पी.सी.सी. | २००००० | ० | | | २००००० | |
| ९१ | बरगदहा बाबा देखि उत्तर गाउँपालिका जाने वाटोमा माटो र ग्राभेल | २००००० | ० | | १००००० | ३००००० | |
| ९२ | वाटो निर्माण गडरियन पुर्वा देखि शाहपुर्वा जाने वाटो | ३००००० | ० | | | ३००००० | |
| ९३ | खाले मसहा पी.सी.सी. | १०००००० | ० | | ४००००० | १४००००० | |
| ९४ | नियामतपुर्वा पी.सी.सी. | ६००००० | ० | | | ६००००० | |
| ९५ | सिधानिया गाउँ भित्र वाटो निर्माण | ६००००० | ० | | | ६००००० | |
| ९६ | वागवानपुर्वा वाटो निर्माण | ३००००० | ० | | २००००० | ५००००० | |
| ९७ | मुन्डापुर्वा पी.सी.सी. | ३००००० | ० | | २००००० | ५००००० | |
| ९८ | वडा कार्यालय जानेवाटो निर्माण | ३००००० | ० | | | ३००००० | |
| ९९ | मिलन चोकमा प्रतिक्षालय र शौचालय निर्माण | ७००००० | ० | | | ७००००० | |
| १०० | अमरहवा ग्राभेल पटान | ३००००० | ० | | ४००००० | ७००००० | |
| १०१ | भगरहवा ग्राभेल पटान | २००००० | ० | | २००००० | ४००००० | |
| १०२ | मोल्हुपुर्वा वाटो निर्माण | १०००००० | ० | | ५००००० | १५००००० | |
| १०३ | उचे मसहा माटो ग्राभेल पटान | ३००००० | ० | | २००००० | ५००००० | |
| १०४ | शाहपुर्वा पी.सी.सी. | ५००००० | ० | | ३००००० | ८००००० | |
| १०५ | गडरीयनपुर्वा ग्राभेल | ३००००० | ० | | | ३००००० | |



| सि. नं | योजना तथा कार्यक्रम | बिनियोगित बजेट | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सघिय बित्तिय समानीकरण | प्रदेश समानिकरण | आन्तरिक श्रोत | राजश्व बाँडफाड | | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१३२८५०१२ | |
| १०६ | साना कृषि सहकारी अम्रहवा अनुदान | | | | ३००००० | ३००००० | |
| १०७ | बालापुर गाउभित्र पि.सि.सी | ५००००० | ० | | | ५००००० | |
| १०८ | कम्दी गाँउभित्र पि.पि.सी | ५००००० | ० | | | ५००००० | |
| १०९ | बिरेन्द्र वलीको घरदेखि लडियाघाट जाने बाटो पि.सि.सि. | ६००००० | ० | | ७००००० | १३००००० | योजना संख्या २ |
| ११० | लिवाङ्गी टोल मोहन पुलामी घरदेखि ह्युमपाईप कल्बर्ट सम्म पि.पि.सि. | १०००००० | ० | | | १०००००० | |
| १११ | पि.सि.सि.निर्माण (कालीपारेको घरदेखि रुम ब.बुढाथोकीको घरसम्म) | ६००००० | ० | | | ६००००० | |
| ११२ | जब्दहवा मन्दिर देखि बाँधुको घर हुदै छोटेलालको घरसम्म पि.सि.सि.निर्माण | १०००००० | ० | | | १०००००० | |
| ११३ | जब्दहवा मन्दिर देखि उत्तर जाने मुल सडक मा ग्रेभल | ६००००० | ० | | १३००००० | १९००००० | |
| ११४ | डलैपुर जाने मुल बाटो देखि पश्चिम तिलकपुर सम्म | ६००००० | ० | | १००००० | ७००००० | |
| ११५ | बाहुन बगिया बाटो | | | | ५००००० | ५००००० | |
| ११६ | वडा नं.५ मा भ्यु टाबर निर्माण | | | | ६००००० | ६००००० | |
| ११७ | गोहनवाको नयाँ टर्याक खोल्ने | ६००००० | ० | | ४००००० | १०००००० | |
| ११८ | टाबर देखि फकिरेपुर्वा बाटो ग्राभेल | ३४०००० | ० | | | ३४०००० | |
| ११९ | भंगोटना पी.सी.सी. | १०००००० | ० | | | १०००००० | |
| १२० | दशरथपुर्वा हुदैं आसमानपुर्वा माटो र ग्राभेल पटान | १०००००० | ० | | | १०००००० | |
| १२१ | महन्तपुर्वा पी.सी.सी. | ८००००० | ० | | | ८००००० | |
| १२२ | बल्दीपुर्वा नाली र पी.सी.सी.निर्माण | १०००००० | ० | | | १०००००० | |
| १२३ | सिख्खनपुर्वा पी.सी.सी. | ७००००० | ० | | | ७००००० | पटवारी पुर्वा माटो ग्राभेल |

| सि. नं | योजना तथा कार्यक्रम | बिनियोगित बजेट | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सघिय बित्तिय समानीकरण | प्रदेश समानिकरण | आन्तरिक श्रोत | राजश्व बाँडफाड | | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१३२८५०१२ | |
| १२४ | मुन्सीपुर्वा वाटो ग्राभेल पटान | ३००००० | ० | | | ३००००० | |
| १२५ | अहिरापुर्वा पी.सी.सी. | ६००००० | ० | | | ६००००० | |
| १२६ | सक्टुपुर्वा जाने वाटो | ५००००० | ० | | | ५००००० | |
| १२७ | महाउत टोलमा ग्राभेल | ३००००० | ० | | ३००००० | ६००००० | |
| १२८ | बकौली पि.सि.सि. | | | | ७००००० | ७००००० | |
| १२९ | आसमानपुर गुम्मज | | | | २००००० | २००००० | |
| १३० | सुन्दरपुर मन्दिर र ईनार | | | | ५००००० | ५००००० | |
| १३१ | सुब्बापुर्वा पी.सि.सि. | | | | १०००००० | १०००००० | |
| १३२ | कोरीयनपुर्वा ब्यासगद्दी निर्माण | | | | ४००००० | ४००००० | |
| १३३ | सार्बजानिक मर्मत सम्भार | ३०३२००० | ० | | | ३०३२००० | |
| १३४ | कल्बर्ट निर्माण(पुल) | | | | २०००००० | २०००००० | |
| १३५ | घरघरमा स्वास्थ सेवा कार्यक्रम निरन्तरता | ५०००००० | ० | | | ५०००००० | |
| १३६ | घरघरमा SEE कार्यक्रम निरन्तरता | १०००००० | ० | | | १०००००० | |
| १३७ | धरधुरी सर्बेक्षण कार्यक्रम | १०००००० | ० | | | १०००००० | |
| १३८ | संस्कृति पर्बद्धन तथा सामाजिक बिकास | ३०००००० | ० | २०००००० | ३०००००० | ८०००००० | |
| १३९ | पानी ट्यांकर खरिद | | | | १०००००० | १०००००० | |
| १४० | एम्बुलेन्स खरिद १ थन | | | | १२००००० | १२००००० | |
| १४१ | गाउँपालिका डकुमैन्टी | | | | ५००००० | ५००००० | |
| १४२ | रक्तदान कार्यक्रम | | | | ४००००० | ४००००० | |
| १४३ | पर्यटन क्षेत्र बिकास कार्यक्रम | | | | २०००००० | २०००००० | |
| १४४ | एकिकृत बस्ती ब्यबस्थापन | | | | २५००००० | २५००००० | |
| १४५ | मोटर साईकल खरिद | | | | १५००००० | १५००००० | |
| १४६ | टयाक्टर खरिद ५ थान | ० | ० | ६८००००० | | ६८००००० | |
| १४७ | रोलर खरिद | ४२००००० | ० | | | ४२००००० | |
| १४८ | मिडियम ग्रेडर | ९०००००० | ० | ० | ६५००००० | १५५००००० | |
| १४९ | बिधुतिकरण कार्यक्रम | | | १५००००० | | १५००००० | |
| १५० | फर्निचर तथा मेसिनरी औजार | १७००००० | ० | ३००००० | १५००००० | ३५००००० | |
| १५१ | बेतहनी कजवे कल्भर्ट | ७००००० | ० | | | ७००००० | |
| १५२ | सार्बजानिक निर्माण सुधार र मर्मत | ४१९३००० | ० | १३८५३००० | | १८०४६००० | |
| १५३ | ब्यक्तिगत घटना दर्ता तथा गाउपालिका स्तरिय कर संकलन अभियान | ५००००० | ० | | | ५००००० | |
| १५४ | जग्गा पहिचान कार्यक्रम | १०००००० | ० | | | १०००००० | |



| सि. नं | योजना तथा कार्यक्रम | बिनियोगित बजेट | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सघिय बित्तिय समानीकरण | प्रदेश समानिकरण | आन्तरिक श्रोत | राजश्व बाँडफाड | | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१३२८५०१२ | |
| १५५ | राजस्व संकलन अभियान कार्यक्रम | १००००० | ० | | | १००००० | |
| १५६ | सार्वजनिक सुनुवाई | १००००० | ० | ५०००० | | १५०००० | |
| १५७ | सामाजिक परिक्षण | १००००० | ० | | | १००००० | |
| १५८ | आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली | १००००० | ० | | | १००००० | |
| १५९ | अन्तिम लेखा परिक्षण तथा बेरुजु फछ्यौंट | १००००० | ० | | | १००००० | |
| १६० | सुचना तथा संचार व्यवस्थापन (रेडियो, टेलिभिजन, पत्रपत्रिका) | ५००००० | ० | | | ५००००० | |
| १६१ | सौर्य उर्जा जडान वडा नं. ५ | | | | ५००००० | ५००००० | |
| १६२ | भवन निर्माण तथा मर्मत संभार | | | | ३६००००० | ३६००००० | |
| १६३ | ह्युम पाइप खरिद | | | ५००००० | | | |
| १६४ | पुजिगत मर्मत सम्भार | | | | १०००००० | १०००००० | |
| १६५ | पुजिगत परामर्श सेवा | | | | १५६३००० | १५६३००० | |
| १६६ | समपुरक कोष | | | | ४२००००० | ४२००००० | |
| १६७ | तलव | ४०००००० | | ८०००००० | | १२०००००० | |
| १६८ | महंगी भत्ता | ० | | १२००००० | | १२००००० | |
| १६९ | अन्य भत्ता | ० | | ७५००० | | ७५००० | |
| १७० | कर्मचारी पोत्साहन भत्ता | | | २०००००० | | २०००००० | |
| १७१ | पदाधिकारी वैठक भत्ता | ० | | १८००००० | | १८००००० | |
| १७२ | पदाधिकारी सेवा सुविधा | ० | | १०००००००० | | १०००००००० | |
| १७३ | पोशाक | ० | | १०००००० | | १०००००० | |
| १७४ | पानी तथा विजुली | ४००००० | | ६००००० | | १०००००० | |
| १७५ | टेलिफोन संचार | ४२५००० | | ५७५००० | | १०००००० | |
| १७६ | घर भाडा | ० | | ५००००० | | ५००००० | |
| १७७ | इन्धन | ० | | २५००००० | | २५००००० | |
| १७८ | संचालन तथा मर्मत | ० | | १५००००० | | १५००००० | |
| १७९ | बीमा | ० | | ३५०००० | | ३५०००० | |
| १८० | कार्यालय सम्वन्धि | ० | | ३०००००० | | ३०००००० | |
| १८१ | सेवा तथा परामर्श खर्च | ५००००० | | ५००००० | | १०००००० | |
| १८२ | अन्य सेवाशुल्क | ० | | ५०००००० | | ५०००००० | |
| १८३ | कर्मचारी तालिम | ० | | ५००००० | | ५००००० | |
| १८४ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठि | ० | | २५०००० | | २५०००० | |
| १८५ | कार्यक्रम खर्च परिषद संचालन | ० | | २५००००० | | २५००००० | |
| १८६ | अन्य कार्यक्रम खर्च | ५००००० | | | | ५००००० | |

| सि. नं | योजना तथा कार्यक्रम | बिनियोगित बजेट | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सघिय बित्तिय समानीकरण | प्रदेश समानिकरण | आन्तरिक श्रोत | राजश्व बाँडफाड | | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१३२८५०१२ | |
| १८७ | अनुगमन तथा मूल्यांकन खर्च | ० | | १५००००० | ५००००० | २०००००० | |
| १८८ | भ्रमण खर्च | ० | | १५००००० | | १५००००० | |
| १८९ | असहाय तथा अशक्त सहायता | ० | | १०००००० | | १०००००० | |
| १९० | जि.स.स.लाई राजश्व फिर्ता | | | ४९६००० | | ४९६००० | |
| १९१ | प्रदेश ५ लाई फिर्ता | | | ९७२१८०० | | ९७२१८०० | |
| १९२ | भैपरी पुजिगत खर्च | | | २९५५२१२ | | २९५५२१२ | |
| १९३ | विविध खर्च | ० | | १०००००० | | १०००००० | |
| | | ११५१००००० | ४५४६००० | ११००२६०१२ | ८३६१३००० | ३१२७८५०१२ | |

**आज्ञाले,**
**नारायण प्रसाद रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**